# बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७७/७/०४**

महेन्द्रनगर कञ्चनपुर, भैरहवा रुपन्देही, तुलसीपुर दाङ, पुतलीबजार स्याङजा, तालचोक पोखरा, मेचीनगर झापा, विराटचोक मोरङ, इनरुवा सुनसरी र महाराजगंज काठमाण्डौमा यस बैंकको शाखा स्थापनाको लागि लिइएको नयाँ भाडाको भवनमा शाखा निर्माण गर्न तयार भएको डिजाईन तथा लागत स्टिमेट (BoQ) बमोजिमको आन्तरिक सजावट सम्बन्धि सिभिल वर्क्स, फर्निचर तथा फर्निसिङ्ग र इलेक्ट्रिक तथा इलेक्ट्रोनिक लगायतका कार्यहरु गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मिति (१५) पन्ध्र दिन भित्रमा तपशिलको ठेगानामा आइपुग्ने गरी शिलबन्दी वोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्वन्धि थप जानकारी :**

१. प्रति फारम शुल्क रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) (फिर्ता नहुने गरी) यस बैंकमा जम्मा गरी यस बैंकको केन्द्रीय कार्यालय, कार्यालय व्यवस्थापन डिभिजनबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रदाताले उल्लेखित कार्य के कति रकममा गर्न सक्ने हो बैंकले तोकेको नक्सा डिजाइन अनुसारको कामको परिमाणको विवरण (BoQ) मा दररेट खुलाई तल उल्लेखित धरौटी वापतको रकम यस बैंकमा नगद जम्मा गरी सोको सक्कल भौचर वा सो रकम बरावरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको “क” बर्गका बैंकबाट जारी भएको बिडबण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता निर्माण व्यवसायीहरुले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचीमा नपरेको स्वघोषण पत्र पेश गर्नुपर्नेछ ।

४. बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको फारम नै बैंकमा पेश गर्नुपर्नेछ । बोलपत्र फारमको प्रत्येक पानाको पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनुपर्नेछ ।

५. उपरोक्त कार्यको प्रयोग हुने इलेक्ट्रिकल सामानहरुको ब्राण्ड तथा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीहरु गुणस्तरीय हुनुपर्नेछ र बैंकको प्राविधिकको स्वीकृतीमा मात्र प्रयोग गर्नुपर्नेछ ।

६. बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति : २०७७/०७/१८ गते मंगलबार बेलुकी ५ बजे सम्म

७. बोलपत्र फारम दाखिला गर्ने स्थान : केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर

८. थप विवरण

| सम्झौता भएको मितिबाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नुपर्ने समय | बोलपत्र धरौटी बापतको रकम | बोलपत्र खोल्ने स्थान, मिति र समय |
|---|---|---|
| ३५ दिन | कबोल गरेको रकमको ५ % | केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर/ २०७७/०७/१९ गते बुधबार ११ बजे |

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop